# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहूँ गण्डकी प्रदेश, नेपाल २०७३

प.सं./Ref No. : ०७८/०७९
च.नं./Des. No. : 62

फोन नं.: ०६५-५७२४३६


मितिः २०७८/०४/१९

श्री वडा कार्यालयहरु सवै,
श्री विषयगत शाखाहरु सवै,
श्री उपभोक्ताहरु सवै,
श्री निर्माण व्यवसायीहरु सवै,
श्री अन्य सरोकारवालहरु सवै,
भिमाद नगरपालिका, तनहुँ ।

**विषयः योजना तथा कार्यक्रम संचालन सम्वन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७८/०७९ मा यस नगरपालिकावाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको नगर कार्यपालिकावाट स्वीकृत योजना कार्यान्वयन तालिका देहाय वमोजिम रहेको छ । उक्त तालिका वमोजिम समयमै निर्माण कार्य सुरुवात गरि तोकिएको समयमा सम्पन्न हुने व्यवस्था मिलाउनुहुन सम्बन्धित सरोकारवालहरु सवैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

## योजना तथा कार्यक्रम कार्यान्वयन तालिका

(क) चालु प्रकृतिका कार्यक्रम/योजनाहरु प्रकृति अनुसार जुन जुन समयमा सञ्चालन हुनुपर्ने हो सोही समयमा सम्पन्न गर्ने गरी र समय अनुसार सञ्चालन गर्न नपर्ने प्रकृतिका कार्यक्रमहरु २०७८ चैत्र मसान्त भित्र सम्पन्न गर्ने गरी सञ्चालन गर्ने,

(ख) पूर्वाधारजन्य योजनाहरुको मिति २०७८ मंसिर मसान्त भित्र सम्झौता गरी सक्ने र सम्झौता गर्दा सम्पन्न हुने अवधि वुंदा नं. (ङ) मा उल्लेख भए वमोजिम किटानीसाथ तोकी सो अवधि भित्र अनिवार्य रुपमा भुक्तानी लिईसक्नु पर्ने व्यवस्था मिलाउने र काबु बाहिरको परिस्थितिका कारण तोकिएको समयमा सम्पन्न हुन नसक्ने भएमा म्याद समाप्त हुनुभन्दा १५ दिन अघि वडा तथा नगरकार्यपालिकाको कार्यालयमा अग्रिम जानकारी गराई म्याद थप गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

(ग) लागत जनसहभागिता र संघ तथा प्रदेश सरकारको समपुरक तथा विशेष अनुदानबाट सञ्चालन हुने योजनाहरु २०७८ चैत्र मसान्त सम्ममा सम्झौता गरी २०७९ जेष्ठ मसान्तमा सम्पन्न गरी अनिवार्य रुपमा भुक्तानि लिईसक्ने व्यवस्था मिलाउने,

(घ) यस नगरपालिकाको नवौ नगरसभाबाट आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत सबै योजनाहरुको २०७९ जेष्ठ मसान्त भित्र अनिवार्य रुपमा सम्पन्न गरी भुक्तानी लिई सक्ने व्यवस्था मिलाउने,

(ङ) सम्झौताका बखत योजना सम्पन्न हुने मिति तोक्दा बजेटका आधारमा सामान्यतया देहाय अनुसारको अवधि तोक्ने व्यवस्था मिलाउने ।

| सि.नं. | बजेट रकम रु. | सम्पन्न गर्नुपर्ने अवधि | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्मका योजना | ४५ दिन | सम्पन्न हुने मितिभित्र योजना सम्पन्न गरी सम्पूर्ण कागजात सहित भुक्तानीका लागि नगरपालिकामा पेश गरि सक्नु पर्नेछ । |
| २ | १ लाख भन्दा बढी २ लाख सम्मका योजना | ३ महिना | |
| ३ | २ लाख भन्दा बढी ५ लाख सम्मका योजना | ४ महिना | |
| ४ | ५ लाख भन्दा बढीका योजना | ४.५ महिना | |